# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-जेठ, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ जेठ महिनाको अन्त्यमा कोभिड सङ्क्रमितको सङ्ख्या घटेको छ। वैशाख महिनामा सङ्क्रमितको सङ्ख्या बढेकामा जेठको अन्त्यतिर आइपुग्दा घटेको हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको अवस्था प्रतिवेदनका अनुसार वैशाख १ गते ४ हजार ५६ जनामा सङ्क्रमण भएकामा वैशाख अन्त्यमा यो सङ्ख्या बढेर १ लाख ७ हजार ३ सय ३६ पुगेको थियो। वैशाख महिनाको तुलनामा जेठ महिनामा पाँच प्रतिशतले कोभिड सङ्क्रमित घटेको हो। जेठ १ गते १ लाख ९ हजार ७ सय ४० जनामा सङ्क्रमण भएकामा जेठ अन्त्यमा यो सङ्ख्यामा ४३ हजार ९ सय ३६ ले कमी आएर ६५ हजार ८ सय ४ पुगेको छ। वैशाखमा परीक्षण गरिएकामध्ये ३९ प्रतिशतमा सङ्क्रमण पुष्टि भएको थियो भने जेठ महिनामा ३४ प्रतिशतमा कोभिड पुष्टि भएको छ। जेठ महिनाभर खोटाङ र मनाङ बाहेकका ७५ जिल्लामा कतै आंशिक त कतै पूर्ण निषेध आदेश जारी नै रह्यो। नेपालमा देखापरेको दोस्रो भेरियण्टबाट सङ्क्रमित हुने र मृत्यु हुनेको सङ्ख्या पहिलो भेरियण्टको तुलनामा बढी नै रह्यो। कोभिड-१९ सम्बन्धी दैनिक अपडेट इन्सेक अनलाइनमा उपलब्ध छ।[2]

| तथ्याङ्कमा कोभिड-१९ (२०७८ जेठ) | | |
|---|---|---|
| मिति र शीर्षक | जेठ १ | जेठ ३१ |
| परीक्षण | २७,५१,४८१ | ३२,२४,१६३ |
| सङ्क्रमित | ४,४७,७०४ | ६,१०,५२१ |
| सक्रिय सङ्क्रमित | १,०९,७४० | ६५,८०४ |
| निको | ३,३३,१०८ | ५,३६,२६२ |
| निको दर | ७४.४ | ८७.८ |
| मूत्यु | ४,८५६ | ८,४६५ |
| लिङ्गका आधारमा सङ्क्रमित (प्रतिशतमा) | | |
| महिला | ३८.०८ | ३९.०९ |
| पुरूष | ६१.९२ | ६०.९१ |

| प्रदेश र लिङ्गका आधारमा पीडित सङ्ख्या (२०७८ जेठ) | | | |
|---|---|---|---|
| **प्रदेश** | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | १९ | २ | **२१** |
| २ | १७ | ७ | **२४** |
| बागमती | ८ | ५ | **१३** |
| गण्डकी | ३ | | **३** |
| लुम्बिनी | १८ | ६ | **२४** |
| कर्णाली | ११ | ३ | **१४** |
| सुदूरपश्चिम | ४ | १ | **५** |
| **जम्मा** | **८०** | **२४** | **१०४** |

इन्सेक अनलाइनमा जेठ महिनामा प्रकाशित समाचारमध्ये विभिन्न घटनामा परी १ सय ४ जना पीडित भएका छन् भने विद्यालय, स्काभेटर र गाडी तोडफोड भएका तीन ओटा घटना अभिलेखित छन्। प्रकाशित समाचार अनुसार सबै प्रदेशभन्दा बढी प्रदेश २ र लुम्बिनी प्रदेशमा २४/२४ जना पीडित भए भने गण्डकी प्रदेशमा सबैभन्दा कम तीन जना पीडित भए। प्रदेश १ मा २१ जना, कर्णाली प्रदेशमा १४ जना, बागमती प्रदेशमा १३ जना र सुदूरपश्चिम प्रदेशमा पाँच जना पीडित भए।

जेठ महिनामा परिवारजनबाट सात जना महिलाको हत्या भयो भने हत्याका अन्य घटनामा चार जनाको मृत्यु भयो। यो


---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ। देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ। यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ। यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो। इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं।


[2] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

अवधिमा गोलीबाट दुई जना र झडपमा एक जना घाइते भए । कुटपिटबाट सात जना पीडित भए भने




चार जनाको गिरफ्तारी भयो । जेठमा एक जना महिलाको अपहरण भएको तथा एक जनालाई जातीय विभेद भएका घटना प्रकाशित छन् । आठ जनालाई दुर्व्यवहार भएका घटना पनि जेठमा प्रकाशित छन् ।

जेठमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ३६ जना पीडित भए । बलात्कारका घटनामा २४ जना, यौन दुर्व्यवहारका घटनामा एक जना बालकसहित ११ जना र बाल विवहाको घटनामा एक जना बालिका पीडित भए । जेठ महिनामा कोभिड-१९ का कारण सबै जिल्लाका विद्यालय बन्द हुँदा बालबालिकाको पढाइ पुर्णत: प्रभावित बन्यो ।




महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना पीडित भए । जसमा बलात्कारका घटनामा १६ जना, बलात्कार प्रयासका घटनामा चार जना, यौन दुर्व्यवहारका घटनामा पाँच जना, बेचबिखन प्रयासका घटनामा दुई जना, दाइजोजनित हिंसाबाट एक जना र घरेलु हिंसाका कारण चार जना महिला पीडित भएका समाचार प्रकाशित छन् । महिला अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा प्रकाशित

*टीकापुर घटनामा दोषी ठहर भएका सांसद रेशम चौधरीमाथि लगाइएको मुद्दा फिर्ता लिनका लागि कानुनसम्मत पहल गर्नेलगायतका ६ बुँदे सहमति भएको छ । सरकार र थारु कल्याणकारी सभा, थारुहट/थारुवान सङ्घर्ष समितिबिच जेठ १८ गते भएको वार्ताका क्रममा सहमति भएको हो । सहमति अनुसार थारुहट/थारुवान आन्दोलनका क्रममा सहिद भइ राहत प्राप्त गर्न छुटेका परिवारलाई राहत उपलब्ध गराउने, सहिद परिवारको उचित व्यवस्थापन गर्ने, घाइतेको उपचार गर्न सरकारसँग सहमति भएको थारु कल्याणकारिणी सभाका तर्फबाट वार्ता टोली संयोजक रुक्मिणी चौधरीले जानकारी दिनुभयो । सहमतिपत्रमा सरकारका तर्फबाट कानुनमन्त्री लीलानाथ श्रेष्ठसहित राजन भट्टराई र भगवती चौधरीको हस्ताक्षर रहेको छ भने संयुक्त सङ्घर्ष समितिको तर्फबाट रुक्मिणी चौधरी, प्रेमलाल चौधरी, पद्मनारायण चौधरी, प्रभात चौधरी र चन्दप्रसाद चौधरीको हस्ताक्षर रहेको छ । थरुहटको आन्दोलनका क्रममा ०७२ भदौ ७ गते भएको विरोध प्रदर्शन हिंसात्मक बनेपछि भिडले आक्रमण गरेर नेपाल प्रहरीका एसपी लक्ष्मण न्यौपानेसहित आठ जना सुरक्षाकर्मीलाई मारिदिएको थियो । सो घटनामा एक बालकको पनि ज्यान गएको थियो । सजाय माफी, मुल्तबी, परिवर्तन वा कम गर्ने कार्यविधि २०७१ ले कसैले आफूलाई भएको सजाय माफी, मुल्तबी, परिवतन वा कम गराउन चाहेमा कारण खुलाई निवेदन दिन सक्ने उल्लेख छ । तर, भ्रष्टाचार, जबर्जस्ती करणी, सरकारी कीर्ते, सङ्गठित अपराध, युद्ध अपराध, क्रुर हिंस्रक वा विभत्स तरिकाले गरिएको हत्या, लागु औषध लगायतका अपराधमा सजाय कम नहुने कार्यविधिको दफा ३ मा स्पष्ट उल्लेख छ । नेपालको संविधान, विद्यमान ऐन, कानुनमा सरकारले कुनै पनि मुद्दा फिर्ता लिन पाउने व्यवस्था छैन । अदालतले दोषी करार गरिसकेका वा अदालती प्रक्रियामा रहेका फौजदारी प्रकृतिका मुद्दाको किनारा लगाउनका लागि मानव अधिकार, विधिको शासन र न्यायिक प्रक्रियाबाट मात्रै निरूपण गर्नु पर्ने कुरामा इन्सेकले विगतदेखि नै सरोकारसमेत राख्दै आएको छ ।*

समाचारमध्ये ५० प्रतिशत समाचार बलात्कार घटनाका छन् । त्यस्ता घटनाका आरोपितमाथि कानुनी कारवाही भएका पनि समाचारमा जनाइएको छ ।

कोभिड-१९ को सङ्क्रमणका कारण सबै किसिमका मानव अधिकारका विषयहरू व्यक्तिले उपभोग गर्न नपाएका खबरहरू दिनहुँ जसो सार्वजनिक भइरहेका छन् । कतिपय नैसर्गिक अधिकारको उपभोग गर्नसमेत व्यक्ति वञ्चित हुन पुगे । बाँच्न पाउने मानिसको अधिकार कोभिडकै कारण हरणसमेत भएका घटना पनि प्रकाशमा आए । नेपालको संविधानको धारा १६ र ३५, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २(१), ३(१) र ४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, तथा नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १२ ले हरेक व्यक्तिको आकस्मिकलगायत सबै स्वास्थ्य सेवा लिन पाउने अधिकारको प्रत्याभूत गरेको छ । यि प्रावधानहरू अनुसार आम नागरिकको स्वास्थ्य अधिकारको सुनिश्चिततताका लागि तीनै तहका सरकारको पहलकदमीको महसुसजन्य कदमको अझै खाँचो छ ।

*२०७८ असार ७ गते*

इमेलः inseconline@insec.org.np
वेबसाइटः www.inseconline.org, www.insec.org.np